मार्मा गाउँपालिकाको

# आ.ब २०८१/०८२ को नीति तथा कार्यक्रम
# २०८१

जमन सिंह धामी
अध्यक्ष
मार्मा गाउँपालिका लटिनाथ, दार्चुला
सुदूरपश्चिम प्रदेश
नेपाल

# नीति तथा कार्यक्रम २०८१/०८२

यस पन्ध्रौ गाउँसभाको नीति तथा कार्यक्रम सार्बजनिकिकरण सत्रमा उपस्थित मार्मा गाउँपालिका उपाध्यक्षज्यू, मार्मा गाउँपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यू हरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यू, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, भूतपूर्व जनप्रतिनिधिज्यूहरु बिभिन्न संघ सस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सल्लाहकार, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, पत्रकार लगायत सम्पूर्ण मार्माबासि आदरणीय आमा-बुवा,दाजुभाई तथा दिदि-बहिनीहरु

यस मार्मा गाउँपालिकाको आ.व २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउदा म गौरवान्वित महसुस भइरहेको छु ।

स्थानीय सरकार नेपाली जनताको त्याग बलिदान र लामो संघर्षको उपलब्धि हो। बलिदानीपूर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संबिधानसभाबाट जारी भएको नेपालको संबिधान अनुसार स्थापित स्थानीय तहहरुको अधिकारहरुलाई अभ्यास गर्ने अभियान अगाडी बढिरहेको छ । यस अवसरमा गणतन्त्र प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै बिभिन्न आन्दोलनका क्रममा घाइते बेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । राजनीतिक ,सामाजिक परिवर्तनका नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आभार प्रकट गर्दछु ।

गाउँपालिकाको भौगोलीक, सामाजिक, आर्थिक बिबिधता तथा सास्कृतिक एकतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक बिकासको बाटोमा अघि बढ्न योजनाबद्ध र प्राथमिकताको आधारमा बिकास निर्माणका कामहरु हुनुपर्दछ भन्ने कुरामा गाउपालिका सदैव प्रतिबद्ध रहीआएको छ । **आगामी आ.व.०८१/०८२को बजेटको मूल मार्गदर्शन पालिका गौरवका आयोजना, क्रमागत आयोजनाहरु तथा थप नया आयोजनाहरुलाई निर्माण तथा पूर्णता दिने दिशामा केन्द्रित रहने छ |**

नेपालको संबिधानको अधिनमा रही स्थापित मार्मा गाउँपालिका एक पृथक पहिचान बोकेको गाउँपालिका हो ।यस स्थानीय सरकारकारलाई सार्थक, समृद्ध र सक्षम एवंम सफलिभुत बनाउन आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत  गर्न यस सम्मानित सभा समक्ष उपस्थित भएको छु ।

**उपस्थित  महानुभावहरु,**

मार्मा गाउँपालिकाको पन्ध्रौ गाउँसभामा यस गाउँपालिकाको **"जलस्रोत, जडीबुटी एवंम् पर्यटन पूर्वाधारको बिकास, समग्र मार्मा गाउँपालिकाको समृद्धि र विकासमा हाम्रो प्रयास"** सहितको दीर्घकालीन सोचमा आधारित नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## विद्धमान परिवेशः

विश्वको बिभिन्न क्षेत्रमा देखापरेको  द्वन्द र भू राजनीतिक तनावको कारण बिश्व ब्यापी रुपमा आपूर्तिका शृंखलाहरुमा पर्न गएको अवरोधका कारण बिश्व बजारमा देखापरेको मन्दीको असरले नेपाललाई समेत प्रभाव पारेको छ | राजश्व र आम्दानीका प्रायः  श्रोतहरु संघीय सरकारले आफ्नो नियन्त्रणमा राख्ने तर स्थानीय तह प्रतिको दायित्व पुरा गर्न संघीय सरकार गम्भीर नबन्नुको कारण संघीय सरकारबाट स्थानीय तहले प्राप्त गर्नु पर्ने वित्तीय हस्तान्तरणमा समेत नकारात्मक असर पुगेको छ जसको कारण पालिकाले शुरु गरेका बिकाश निर्माणका कार्यक्रमहरु सम्पन्न गर्न ढिलाई हुन् पुगेको छ | नागरिकहरु विदेशिने काम निरन्तर भइ रहनुका साथै गाउँ घरमा रहेका समुदायहरुको पनि शुख सुबिधाको खोजीमा शहर बजारतिर बसाइ सराइ गर्नुको कारणले गर्दा कृषि योग्य जमिन बाझो रहने क्रम जारि छ | बस्तीहरु युवाबिहीन हुने दुखद परिस्थिति श्रीजना भइ रहेको छ | यसै सन्दर्भमा बसाइ सराइ र युवा पलायन हाम्रो मुख्य समश्याको रुपमा देखा परि रहेको छ | जसको समाधानको निम्ति आजको युग सुहाउदो सेवा सुबिधामा नागरिकोहरुको पहुँच, रोजगारीको श्रीजना र सोहि अनुरुप बिकाशका पुर्बाधारहरुको निर्माण गर्न आवश्यक देखिन्छ | पछिल्लो समय आम जनमानसमा मुख्य गरि युवा बर्गमा राज्य संचालन गर्ने राजनीतिक पार्टीहरु र तिनको नेतृत्वप्रतिको बिश्वाश घटी रहेको र निरासा बढी रहेको छ | जसको सामाधानको लागि राजनीतिक पार्टी हरु र जनप्रतिनिधिहरुले जनता प्रति उत्तरदायी र जिम्मेवार भइ काम गर्नु आवश्यक छ |

## बिकाश र समृद्धिको लक्ष प्राप्तिका लागि अवसरः

- राज्य संघियतामा जादै गर्दा संविधानले स्थानीय तह लाइ २२ वटा एकल अधिकार सहितको बिबिध साझा अधिकार किटान हुनु |
- स्थानीय तहले आफैले बिभिन्न ऐन कानुन नीति निर्माण गर्न पाउनु र निर्माण गरि रहेको |
- बिकाश निर्माणका लागि बजेट तथा कार्यक्रम आफै निर्माण गर्न पाउनु |
- पालिका भित्र भौगोलिक तथा सांस्कृतिक बिबिधता भएको |
- वडा तथा बस्तिहरुमा यातायात तथा संचारको पहुँच बिस्तार |
- यातायातको पहुँचले गर्दा समुदायमा उत्पादित कृषिजन्य तथा आर्थिक आम्दानि हुने बस्तु बजारसम्म निर्यात गर्न सहज |
- स्थानीय श्रोत साधनको उपलब्धता |

## बिकाश र समृद्धिको लक्ष प्राप्तिका लागि चुनौतीहरुः

- रोजगारउन्मुख सिपमुलक शिक्षा तथा तालिमको बिकाश गर्न नसक्नु ।
- उत्पादित बस्तु तथा बजारको व्यवस्थापन ।
- सबै बस्तीमा सडक यातायातको पहुँच नपुग्नु ।
- युवा जनशक्तिलाई व्यवसायीकरण तर्फ आकर्षित गर्न नसक्नु ।
- निर्माण सम्पन्न भएका पुर्बाधारको नियमित मर्मतमा जनचासोको कमि हुनु ।
- संचार सेवा प्रभावकारी हुन नसक्नु । जसले गर्दा सुचना सम्प्रेशणमा कमि ।
- अव्यवस्थित बसोबास ।
- स्थानीय उत्पादित बस्तुले किसानको माग अनुसार मुल्य नपाउनु ।
- बिद्युत सेवा सबै बस्तीमा नपुग्नु तथा नियमित नहुनु ।
- प्राकृतिक विपद तथा मनसुन समयमा जनधनको क्षति ।
- सार्बजनिक पूर्वाधार निर्माण गर्दा श्रोत तथा जमिनमा आउने विवाद ।
- दक्ष जनशक्तिको अभाव ।
- चेतनास्तरको अभाव ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः

आर्थिक बर्ष ०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका कानुनी आधारमा रही नीति तथा कार्यक्रम तयार पारिएको छ ।

- नेपालको संबिधान २०७२ ले स्थानीय शासन सम्बन्धि उल्लेख गरेको नीतिगत व्यवस्था ।
- स्थानीय सरकार सन्चालन ऐन २०७४ ले स्थानीय तहले आवधिक, बार्षिक तथा रणनीतिक योजना बनाइ लागु गर्न सक्ने सम्बन्धि व्यवस्था ।
- नेपाल सरकारको सोहौं योजना, दिगो बिकाश लक्ष २०३० को मार्गचित्र तथा सुदुर पश्चिम प्रदेश सरकारको प्रथम पन्चबर्षिय योजना ।
- संघिय सरकार तथा प्रदेश सरकारले तयार पारेका नीति तथा कार्यक्रम ।
- गाउँपालिकाले तयार पारि कार्यान्वयन गरेका नीतिगत व्यवस्था ।
- गाउँपालिकाको बिकाश गुरु योजना ।

## चालु आ.व.को हाल सम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त बिवरणः

- सडक यातायात तर्फ मार्मा गाउँपालिकामा संघ, प्रदेश र पालिकाको समन्वयमा पालिकाभित्र संचालनमा रहेका पारिबगड घोल्जर परमचुला सडक, लटिनाथ, सारसी बजानी दुनि सडक, तपोवन मुर्रै निम्ठा सडकको हाल सम्म ४० किलोमिटर ट्रेक खोल्ने कार्य भएको छ | जस मध्ये चालु आ.वा.मा ९ किलोमिटर सडकको ट्रेक खोल्ने तथा स्तरोन्नति गर्ने कार्य भएको छ | साथै बिटुले पारिबगड सडक खण्ड कालो पत्रे गर्न निरन्तर सडक स्तरोन्नति कार्य चली रहेको छ
- सबै बस्तीहरुलाई जोड्ने पदमार्ग छोटो सहज बनाउन चालु आ.व.मा सम्पन्न हुने गरि २ वटा झोलुंगे पुल निर्माण सम्पन्न भै संचालनमा आएका भने १३४० मिटर घोरेटो बाटोहरुको स्तरउन्नति गर्ने कार्य गरिएको छ |
- संघ, प्रदेश र पालिकाको समन्वयमा घट्टे गाड खोला र नौगाड खोलामा निर्माणाधीन रहेका मोटरेबल पुल निर्माण सम्पन्न गरि संचालनमा ल्याइएका छन |
- संघीय सरकारसंगको समन्वयमा चमेलिया नदीमा वडा नं.३ र वडा ६ जोड्ने भैशे- शेरी मोटरेवल पुल र वडा नं.२ र वडा नं.४ जोड्ने सीमार - परपडा मोटरेबल पुल निर्माण कार्य निरन्तर चली रहेको छ भने आ.व.०८१/०८२ मै सम्पन्न गरि संचालनमा ल्याउने तयारि रहेको छ |
- खानेपानी तथा सरसफाई क्षेत्रमा रहेका समस्या सामाधान गर्न पालिका स्तरमा रहेको खानेपानी तथा स्वच्छता इकाई (वास युनिट) शाखाद्वारा मार्मा गाउँपालिका भित्र एक घर एक पानि धारा, एक घरबारी, एक फोहर फाल्ने खाल्डो निर्माण नीति चालु. अनुरुप चालु आ.व.मा पनि संघबाट मार्मा गाउँपालिकाको वडा नं.४ को मर्मति बस्ती १८५ घरधुरी र वडा नं.१ को दह बस्तीमा ६५ घरधुरीलाई खानेपानीको सुबिधा निर्माण सम्पन्न गर्न अन्तिम चरणमा रहेको छ |
- स्वास्थ्य तर्फ रहेको समस्या समाधान तथा स्वास्थ्यमा पहुँच वृद्धि गर्न लटिनाथ स्वास्थ्य चौकीमा १० शैय्या अस्पताल निर्माण कार्य आ.व ०८१-०८२ सम्पन्न गरि संचालनमा ल्याउने तयारि गरिएको छ भने वडा नं.५ को मुर्रै वडा नं.६ को निम्ठामा सुबिधा सम्पन्न स्वास्थ्य चौकी भवनको निर्माण कार्य निर्माणाधीन अवस्थामा रहेका छन, बिकट बस्तिहरुमा प्राथमिक सेवा गाउमै उपलब्ध गराउन वडा नं.५को जन्नी गाउँ, वडा नं.१को दह र तोलिमांडूमा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण कार्य हालै सम्पन्न गरि संचालनमा आएका छन |
- एकै भवनबाट एकीकृत सेवा संचालन गर्न पालिका गौरवको आयोजनाको रुपमा रहेको गाउँपालिका प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरि सेवा संचालनमा ल्याइएको छ |

- मार्मा गाउँ पालिका भित्र संघ प्रदेश र पालिकाको समन्वयमा पक्कि सिचाई नहर तथा कुलो निर्माण गरि सिचाई सुबिधा उपलब्ध गराउदै आएकोमा यस आ.व.मा पनि सिचाईमा सुबिधामा पहुँच वृद्धि गर्न सिचाई निर्माण गरि किसानको आम्दानीमा वृद्धि गरिदै लागिएको छ | किसानको खाध्य सुरक्षामा वृद्धि भइ जीवनस्तरमा सुधार आउनेछ |
- आगामी आ.व मा जिल्ला स्तरीय राष्ट्रपति रनिंग शिल्ड तथा बिभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न सकिने गरि लटिनाथ खेल मैदान र मड बगड खेल मैदानको स्तरोन्नति गर्ने कार्य भै रहेको छ |
- उज्यालो मार्मा अभियान अन्तर्गत बिद्युत प्राधिकरणसंगको समन्वयमा मार्मा गाउँपालिकाको वडा नं.१, २, ३, ४ ,५ ६ का केहि बस्तिहरुमा रास्ट्रिय प्रशारण लाइन जडान गरि बिद्युत सेवा बिस्तार गरिनुको साथै पालिका भित्र रहेका लघु जलबिध्युत आयोजनाहरुको मर्मत सम्भार गरि संचालनमा ल्याउने कार्य गरिएको छ |
- स्तरउन्नति स्वास्थ्य चौकी लटिनाथबाट हाल प्रदान गर्दै आएको चिकित्सकिय सेवालाई प्रभावकारी बनाइ प्रयोगशाला ,एक्सरे ,अल्ट्रासाउण्ड ,डेन्टल लगायका सेवाहरुलाइ सुदृढिकरण गरिनुका साथै पालिकाको ६ वटै वडाका दुर्गम बस्ति हरुमा घुम्ती सेवा मार्फत सेवापनि उपलब्ध गराएको छ |
- मार्मा गाउँपालिका सहकारी अन्तरगत रहेको प्रसोधन केन्द्र मार्फत च्यूउरी प्रशोधन गरि साबुन उत्पादन तथा बिक्रि बितरण ब्यबसाय मार्फत रोजगारी शृजना भएको छ |
- बन वातावरण सम्बन्धमा २४ वटा सामुदायिक बन समूहको नियमित अध्यावधिक बैज्ञानिक बन व्यवस्थापन गरि बन डढेलोबाट हुन आउने विपदको रोकथाममा सहयोग पुगेको छ
- विपद व्यवस्थापन अन्तर्गत मार्मा गाउँपालिका वडा नं. ४ धारी ,बच्कोट ,मर्मीति टोलमा पुनर्स्थापना कार्यक्रम अन्तर्गत ६ वटा आवासगृह हरु निर्माण कार्य सम्पन्न गरिएका छन |
- सुशासन तथा संस्थागत बिकाश अन्तर्गत मार्मा गाउँपालिकाले हाल सम्म ५५ वटा ऐन, कानुन तथा कार्यविधि तयार पारि लागु गरिएको छ |
- गाउपालिकाको क्षमता बिकास कार्य योजना निर्माण गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको छ |
- सार्बजनिक सम्पत्तिको सुरक्षण, बिकाश निर्माणमा सहयोग पुगेको छ |
- पालिका मार्फत प्रदान गरिने सेवा छिटो, छरितो र प्रभावकारी बनाउन दरबन्दी अनुसारको कर्मचारीको आपूर्ति गर्न सम्बन्धित निकायमा पहल गरिएको छ |
- सामाजिक न्याय, सामाजिक सुरक्षा र सुशासन प्रतिबेदन तयार पारि कार्यन्वयनमा ल्याइएको छ |
- गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच र प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख बीच कार्य योजना सम्झौता गरि गाउँपालिकाबाट दिइने सेवा छिटो र छरितो बनाइएको छ |

- आर्थिक अनुशासन तथा पारदर्शीता कायम गरि सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तरगत कार्यान्वयन गरिने क्रियाकलाप हरुको सामाजिक परिक्षण ,सार्बजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गरिएको छ ।
- लेखा परिक्षण मार्फत शुन्य बेरुजु, भ्रष्टाचारमा शुन्य सहनशीलता कायम गर्ने कार्य संचालनमा ल्याइएको छ ।

**आगामी आ.व. २०८१/०८२ को प्रमुख नीतिः**

## पूर्वाधार बिकास तर्फः

- निर्माण हुन बाकि रहेका स्वास्थ्य चौकी भवन र स्वास्थ्य इकाई भवन, वडा कार्यालय भवनहरु २ बर्ष भित्रमा आवश्यक बजेट सहित निर्माण सम्पन्न गर्ने गरि कार्य अगाडी बढाइएको छ ।
- पालिका क्षेत्र भित्र निर्माण हुने भवन हरुमा भवन संहिता पूर्ण रुपमा कार्यान्वयनमा लिने नीतिलाइ निरन्तरता दिइनेछ ।
- पालिका स्तरीय बसपार्कको अध्ययन गरि संघीय सरकार, प्रदेश सरकार संग पहल गरि निर्माण कार्य कार्यान्वयनमा ल्याइने छ ।
- चालु आ.व. देखि पालिका क्षेत्र भित्र बनिसकेका घरहरु अनिवार्य रुपमा पालिकामा अभीलेखिकरण गर्ने तथा नया बन्ने घरहरु अनिवार्य नक्सा पास गराई बनाउनु पर्ने नीति लिईनेछ ।
- मार्मा गाउपालिका अन्तरगत संचालनमा रहेका र संभावित ठुला आयोजनाहरुका लागि संघ र प्रदेश सरकारसंग समन्वय गरी कार्यान्वयन प्रकृयालाई निरन्तरता दिइनेछ ।

## विद्युतीकरण

- मार्माका ब्यापारिक केन्द्रबिन्दु मानिएका मुख्य बजार सडक छेउ, पर्यटकीय स्थलहरुमा सडक बत्तीको ब्यबस्था गरिने छ।

## सडक तथा पुल

- कालोपत्रेको लागि कार्यान्वयनको चरणमा रहेको बिटुले- पारिबगड सडक खण्ड निर्माण सम्पन्न गर्न संघीय सरकारसंग आवस्यक समन्वय सहित पहल गरिनेछ ।
- सडक संजालबाट जोडिन बाकि रहेका वडा सदरमुकामहरु जोड्ने गरि निर्माणाधिन सडकहरुलाई निरन्तरता दिइनेछ ।
- निर्माणाधीन तपोवन - मुरै- निम्ठा सडक , लटिनाथ -सार्सि-बजानी हुदै बैतडी जोड्ने सडक ,पारीबगड - गुल्जर -परमचुली सडक मुरै-गोल्फा सडकलाइ कार्यान्वयनमा तिब्रता  दिइनेछ।
- शेरी-तपोबन बार्कु सडक, पारिबगड-वाथी तोलिमाण्डौं सडक, लाम्बगर-मटेला सडक, शेरी निम्ठा सडक र लटिनाथ रील सडकको निर्माण गर्न आगामी आर्थिक बर्षमा आवश्यक बजेट सहित कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।

- निर्माणाधिन चरणमा रहेका भैंशे-शेरी मोटरेवल पुल, सीमार-पडपडा जोड्ने मोटेरेवल पुल निर्माण सम्पन्न गरी आगामी आर्थिक बर्षमा संचालनमा ल्याइनेछन साथै लटिनाथ मर्मती मोटरेवल पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- काकडी चमेलिया नदी, कुचुलीगाड मार्मा-५, घट्टेखोला-ताङगाड झो. पु. मेलेगाड खोला पन्तबगर झो. पु. बसोरा खोला झो. पु निर्माण कार्य गर्न आवश्यक पहल गरिनेछ ।

## शिक्षा युवा तथा खेलकुद तर्फः

- आगामी आर्थिक बर्ष शैक्षिक गुणस्तर सुधार बर्षको रुपमा ल्याइनेछ ।
- सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात बैज्ञानिक आधारमा दरबन्दी मिलान गरी शिक्षक अभाव हुन नदिने व्यवस्था मिलाइनेछ ।
- विद्यालय नक्साङ्कनका आधारमा मात्र र आवश्यक भएको बस्तीमा थप विद्यालय खोल्ने अनुमति दिने नीति लिइनेछ।
- भौतिक पुर्वाधार पनि शैक्षिक गुणस्तर सुधारको एउटा महत्त्वपुर्ण पक्ष भएको हुँदा क्रमश प्रत्येक विद्यालयमा आवस्यकताका आधारमा भवन, कक्षाकोठा, शौचालय, खानेपानी, फर्निचर, सुचना प्रबिधि सामाग्रीको व्यवस्था गर्दै लगिने छ ।
- **शैक्षिक सुधार कार्यक्रम**लाई गाउँपालिका भित्र संचालित विद्यालयहरुमा विद्यार्थीको अनुपातमा बिषय शिक्षकहरुको व्यवस्थापन निरन्तर अगाडी बढाइएको छ साथै कक्षा १ देखि कक्षा १२ सम्म संचालित बिद्यालयहरु र लटिनाथ क्याम्पसलाई दिइदै आएको अनुदानलाइ निरन्तरता दिइने छ |
- विद्यालयको वतावरणलाइ स्वच्छ र हराभरा बनाउन हरियो विद्यालय कार्यक्रम लागु गरिनेछ। साथै वृक्षारोपण दिवस समेत मनाइनेछ ।
- १० बर्षे जनयुद्धका सहिदहरुलाई दिइदै आएको प्रोत्साहनलाई निरन्तरता दिइएको छ |
- चिकित्सा शास्त्रमा उच्च शिक्षा हासिल गर्न प्रदान गरिने एम.बि.बि. एस. छात्रवृत्तिलाइ निरन्तरता दिइने छ |
- पन्ध्रौं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन आवश्यक व्यवस्थापन गरिनेछ ।
- विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न,पठन पाठनलाइ नियमित गर्न र शिक्षक, विद्यालय कर्मचारी र वालविकास सहजकर्ताहरुलाई पठनपाठन प्रति जवाफदेही र जिम्मेवार बनाउन विद्यालयमा सघन निरन्तर अनुगमन गरिनेछ । विद्यालय अनुगमनको जिम्मा वडा समितिलाई समेत प्रदान गरिनेछ। जिम्मेवारी भइ उत्कृष्ट कार्य गर्ने प्र. अ., शिक्षक, विद्यालय कर्मचारी, वालविकास सहजकर्ताहरुलाइ प्रोत्साहन गर्न पुरुस्कारकव व्यवस्था गरिनेछ ।जिम्मेवारी पुरा नगर्ने शिक्षक, कर्मचारीलाई दण्ड समेत गरिनेछ ।
- शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयमा शैक्षिक सामग्रीको सहयोग, शिक्षकहरुको लागि तालिम,प्राविधिक सहयोग,पढाइ मेला,विद्यालय व्यवस्थापन समिति अध्यक्ष, अभिभावक संघ अध्यक्ष तथा प्रधानाध्यापकको बैठक, घरभेट कार्यक्रम ,टोल शिक्षा कार्यक्रम गैर सरकारि संस्थाको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

- बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ साथै बिद्यालयमा खानेपानी तथा सरसफ़ाइमा बिशेस ध्यान दिइने छ |
- स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रममा हाल तरकारी आपुर्ती स्थानीय कृषकहरुबाट भै रहेको छ भने चालु आ व देखि दाल समेत स्थानीय स्तरबाटै आपुर्ती हुने गरी स्थानीय स्तरको उत्पादनलाइ प्याकेजीङ ब्राण्डिङका लागि आवश्यक पहल गरिनेछ ।
- विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि भान्साघर/कोठा निर्माण, भण्डारण बाकस (काठ/एल्मोनियम), भान्सेको प्रोत्साहन, इन्धन, विद्यालय बगैंचा (उपकरण, बीउ, प्राराङ्गारिक मल), कृषकहरुलाई कृषि सम्बन्धि तालिम, शुद्ध पिउने पानी र सरसफाई साबुन/स्पन्ज, कक्षा कोठामा बस्ने व्यवस्था, शिक्षकहरुलाई प्रशिक्षण, विद्यालय स्तरीय सप्ताहिक गतिविधिहरु, विद्यालयहरुमा अभिभावकहरुको संलग्नता/बैठक, शिक्षण सिकाइ सामग्री खरिद संयुक्त अनुगमन र समिक्षा बैठक आदि गरिनेछ ।
- खेलकुदको बिकाश गर्न बिभिन्न खेलहरुका लागि मडबगड खेलकुद मैदान, लटिनाथ खेलकुद मैदान लगायत खेलकुद पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइने छ |
- शारिरीक रुपमा सुगठित नागरिक उत्पादनका लागि गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुद क्यालेण्डर निर्माण गरी विविध विधाका खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछन । गाउँपालिका भित्रका आधारभुत खेल मैदानहरुको विकास गरी विभिन्न खेलहरुलाइ प्रोत्साहन गरिनेछ ।साथै युवाहरुलाइ खेलकुदमा आकर्षित गर्न अध्यक्ष कप खेलकुद प्रतियोगिताहरु संचालनमा ल्याइनेछ ।
- युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैर सरकारी संघ संस्थाहरु संग समन्वय सहकार्यमा सीप तथा उध्यमशिलाताका कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिने छ |

**कृषि तथा पशुपंक्षी तर्फः**

- **रैथानेबालीमा गर्व गरौं** भन्ने नाराका साथ परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने बालिकों बिउँ संरक्षण गरी खेती विस्तारलाई निरन्तरता दिईने छ | स्थानीय आलू, कोदो, राजमा, भटमास, मास जस्ता रैथानेबालिहारू उत्पादन र बजारिकरणका लागि प्रोत्साहन गरीनेछ ।
- कृषिमा जलवायु परिवर्तनको असरलाई न्युनिकरण गर्न समनाकुल कृषि प्रणाली को बिकाश र प्रबर्द्धन सहित जलवायु मैत्री कृषि कार्यक्रम संचालन गरिने छ ।कृषि तथा पशु पंक्षी बिमाकार्यक्रम मार्फत प्राकृतिक विपद तथा महामारीबाट प्रभावित कृषकहरुका लागि मागमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ |
- आत्मनिर्भर कृषि भन्ने सोचलाइ साकार बनाउन किसानको समृद्ध पालिका बनाउन र आवश्कता चाहानालाई आत्मसाथ गर्दै भुगोल र वातावरण सुहाउदो कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ ।कृषि क्षेत्रलाई बिशिष्टिकरण, आधुनिकिकरण, औद्योगिकिकरण, यान्त्रीकरण र व्यवसायिकरण मार्फत रुपान्तरण गरिनेछ ।

- स्थानीय उत्पादनमा वृद्धि गरि आयातलाई निरुत्साहित गरिने छ ।
- खाद्यन्न बालीमा आत्मनिर्भर बनाउने हेतुले पालिका भित्रका किसानहरुलाई समयमा नै गुणस्तरीय र उन्नत जातको बिउ उपलब्ध गराउने प्रयास रहने छ । साथै बालीमा देखिने सबै किसिमको समस्याको निराकरण गर्न कृषी शाखाको भूमिका प्रभावकारी बनाइने छ ।
- आलुको विउ भण्डारण गर्न सित भण्डारणको व्यवस्थापन गरिनेछ ।
- स्थानीय महको उच्च माग रहेको र किसानहरुलाई आत्मनिर्भर बनाउने हेतुले संभावना बोकेको क्षेत्र तथा बस्तीमा मौरी पालन व्ययसायलाई पकेट क्षेत्र घोषणा गरिनेछ ।
- विद्धमान रुपमा प्रयोग भै रहेको रासायनिक मलको विस्थापनका लागि गोठे तथा कम्पोस्ट मल तयार तथा व्यबस्थापनमा जोड दिइने नीतिलाई निरन्तरता दिईने छ ।
- दुधमा आत्म निर्भर गर्नको लागि भैसी पकेट कार्यक्रम संचालन गरिने छ ।
- यस क्षेत्रमा रहेका रैथाने पशुपंक्षी को संरक्षणमा जोड़ दिइने छ ।
- उत्पादन लागत कम गर्न घास खेतीमा जोड़ दिईने छ ।
- पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई सुध्रिढीकरण गरी आय आर्जनमा वृद्धि तथा स्वरोजगार कार्यक्रम लाई निरन्तरता दिईने छ।
- पशुपंक्षी तथा मत्स्यपालन व्यवसायको लागि पुर्वाधार निर्माण तथा बस्तु भाउ वितरण र व्यवसायिकरण गर्न आवश्यक पहल गरिने छ ।
- पशुको नश्ल सुधार गर्न उन्नत तथा बर्णसंकर जातका पशुपंक्षीको भाले मार्मा गाउँपालिकामा आयात गरि उत्पादन बृद्धिलाई निरन्तरता दिईने छ
- व्यवसायिक बाखा पालन, बंगुर पालन, माछा पालन र कुखुरा पालन कार्यक्रमको विस्तार विकास गरी गाउँपालिकालाई मासु जन्य पदार्थमा आत्म निर्भर बनाउदै गाउँपालिकाबाट मासुजन्य पदार्थको निर्यातमा जोड दिइनेछ ।
- नश्ल सुधार सेवा कार्यक्रमलाई पशु पालकहरुलाइ उपलब्ध गराइरहेको कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई निरन्तरता दिइ दुध तथा दुग्ध पदार्थको उत्पादन र उत्पादकत्व बढाइ दुध तथा दुग्ध जन्य पदार्थमा गाउपालिकालाई आत्मनिर्भर बनाइनेछ ।

**स्वास्थ्य तर्फः**

- मार्मा गाउँपालिकामा संचालनमा रहेको एम्बुलेन्स सेवालाई निश्चित मापदण्डको आधारमा नि:शुल्क सेवा प्रदान गरिने व्यवस्था मिलाइनेछ।
- मार्मा गाउँपालिका अन्तर्गत निर्माणाधीन अवस्थामा रहेको १० शैयाको आधारभूत अस्पताल आगामी आ.व.मा निर्माण सम्पन्न गरि आवश्यक कर्मचारी तथा इक्विपमेन्ट सहितको सेवा संचालनका लागि आवश्यक पहल गरिने छ ।
- आधारभूत अस्पताल, स्वास्थ्य चौकीहरू, आधारभूत स्वास्थ्य सेवाकेन्द्र र सामुदायिक स्वास्थ्य इकाईहरूको लागि औषधि र औजार उपकरणहरूको व्यवस्थापन गरि सेवाहरूको सुदृढिकरण गरिने छ।

- अध्यक्ष संग नागरीक स्वास्थ्य परीक्षण कार्यक्रम अन्तरगत नसर्ने रोगहरू( रक्तचाप, मधुमेह, डिप्रेसन) को चेकजाँच कार्यक्रम ६ वटै वडा स्तरका स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रहरूमा संचालन गरि बिगतमा उक्त समस्याको निराकरण भइ उपचारमा रहेकाहरूको फ्लोअप परामर्स तथा नयाँ पत्ता लागेका बिरामीहरूलाई परामर्श गरि उपचार प्रकृयामा आबद्ध गरिने छ।
- उपाध्यक्ष पोषण कोसेली कार्यक्रम संचालन गरि सुत्केरी आमाहरूको पोषण सुधार गरिने छ ।
- सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरूले समाजमा पुर्याएको सेवाको कदर गर्दै गाउँपालिकाबाट प्रदान गरिदै आएको सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूको मासिक प्रोत्साहन यातायात खर्च र पोशाक खर्चलाई निरन्तरता दिदै महिला स्वास्थ्य स्वयंसेविका दिवशमा सम्मान गरिने छ ।
- गर्भवती महिलाहरूलाई प्रदान गरिदै आएको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई सबैको पहुंमा पुर्याइ सेवा सर्बसुलभ गरिने छ । गर्भवती तथा वालवालिकाहरूको पोषण लेखाजोखा गरिने छ ।
- छ वटै वडाका स्वास्थ्य चौकीहरू र आधारभूत स्वास्थ्य सेवाकेन्द्रलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गरिने छ।
- स्वास्थ्य संस्थाबाट टाढा रहेको समुदायमा सामुदायिक स्वास्थ्य इकाई केन्द्र थप गरि संचालनमा ल्याइने छ ।
- मार्मा वासी नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै विद्यमान परिस्थितिमा देखिएको बिभिन्न किसिमका स्वास्थ्य सम्बन्धि समस्यालाई समाधान गर्न एवंम स्वस्फुर्त बनाउन दैनिक योगाभ्यास कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फः**

- बाल बिवाह न्यूनीकरण गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालनमा ल्याई कार्यान्वयन पक्षमा जोड दिइने छ
- महिला विकास समुह र संजाललाई सक्रिय बनाउदै महिला माथि हुने सम्पूर्ण हिंसा तथा शोसण जन्य क्रियाकलापको अन्त्य गरि महिला सशक्तिकरण गरिनेछ
- अपाङ्गता भएका व्यक्तीहरुको हक अधिकार र सुरक्षाको प्रत्याभूति गर्न लक्षीत कार्यक्रम संचालन गरिने छ ।
- महिला बालबालिका, अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिकको लागि हेरचाह गर्न गृह (सेफ हाउस) सम्भाव्यता अध्ययन गरि कार्यन्वयन गर्न पहल गरिने छ |
- मेलमिलाप सेवा शान्ति र समृद्धिलाइ टेवा भन्ने मुल नारा सहित मेलमिलाप प्रकृयालाई स्थानीय स्तर सम्म पुर्याउन मेलमिलापकर्ताको क्षमता अभिबृद्धि गरी सबै वडाहरुमा सुविधा सम्पन्न वडा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।
- संविधान प्रदत्त मौलिक हक कार्यान्वयन गर्न महिला वालवालिका जेष्ठ नागरिक जातीय र लैङ्गिक विभेद प्रति सुन्य सहिसुणुता नीति अवलम्बन गर्दै विभेद मुक्त मार्मा गाउँपालिका निर्माण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- उपाध्यक्ष उद्यमसिलता सीप विकास तथा व्यवसाय सिर्जना गर्न प्रोत्साहन गरिनेछ ।

## उद्योग तथा पर्यटन तर्फः

- मार्मा गाउँपालिकामा संचालनमा रहेका साना उद्योगहरुको नियमित अनुगमन ,बजारीकरण तथा संचालित उद्योग हरुमा  नियमित प्राबिधिक सहयोग गरिने छ |
- स्थानीय श्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सीपमा आधारित घरेलु तथा साना उद्योगहरुलाई प्रोत्साहन गरिनेछ । पालिका भित्रका साना तथा मझौला उद्योगहरुलाई प्रशासकीय क्षमता अभिवृद्धि गर्ने कार्यक्रम नीजि क्षेत्रसंगको लागत साझेदारीमा संचालन गरिनेछ ।
- औद्योगिक पूर्वाधार निर्माणकार्यलाई निरन्तरता दिइनेछ ।
- संस्कृति, पुरातत्व र पर्यटन (घोल्जर पर्यटकीयक्षेत्र, परमचुला पर्यटकीयक्षेत्र, लटिनाथ धार्मिक पर्यटकीयक्षेत्र र तातोपानी तपोबन पर्यटकीयक्षेत्र लगायत संभावित पर्यटकीयक्षेत्रहरु) लाई एकिकृत रुपमा प्रवर्धन गर्न धार्मीक, पर्यटकीयर पुरातात्विक महत्वका स्थलहरुको पहिचान र पुर्वाधार विकासका लागि अनुसन्धान र स्थापनामा जोड दिइनेछ ।

## खानेपानी तथा सरसफाई तर्फः

- मार्मा गाउँपालिका अन्तरगत वडा नं ६ को मौरे र वडा नं ३ को दुनी लगायतका बस्तीहरुका लागि लिफ्टिङ खानेपानीको पहल गरिनेछ ।
- हाल सम्म सम्पन्न भएका खानेपानी तथा सरसफाई योजनाहरुको नियमित मर्मत सम्भार तथा संचालनका लागि आवश्यक पहल गरिने छ |
- फोहरमैला तथा ढल व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साइड खोजी कार्यलाई तिव्रता दिइ फोहरमैला तथा ढल व्यवस्थापन कार्यलाई प्राथमिकता दिइनेछ ।
- पालिका वास प्लान अध्यावधिक गरिने छ साथै  वास प्लान अनुसार नै कार्यक्रम संचालन गर्न सम्बन्धित निकायलाई पनि प्रोत्साहित गरिने छ |

## भू-उपयोग तर्फः

- सार्वजनिक क्षेत्रहरु (खेलमैदा, बजार क्षेत्र, बसपार्क) मा सार्वजनिक सौचालयको लागि आवश्यक पहल गरिनेछ ।
- मार्मा गाउँपालिका अन्तर्गत रहेका भुमिहिन दलित, भुमिहिन सुकुमवासी तथा अव्यवस्थित बसोबासिको समस्या सामाधान गर्न निजहरुको तथ्यांक संकलन कार्य सम्पन्न गरि निस्सा वितरणको तयारीमा रहेका छन |  आगामी आ.व.मा जग्गाधनी प्रमाण पुर्जा प्रासिका लागि पहल गरिने छ |
- गाउँपालिका भरीको जमिनको भुवर्गीकरण गरी थप व्यवस्थापन गरिनेछ ।

## सुशासन तर्फः

- हाल सम्म मार्मा गाउँपालिकामा ५९ वटा ऐन, कानुन, तथा कार्यविधि निर्माण गरि कार्यान्वयनमा रहेका छन भने बनाउन बाकि रहेका ऐन, कानुन, तथा कार्यविधि निर्माण कार्य यथाशिघ्र कार्यान्वयन गरिने छ
- मार्मा गाउँपालिकाको समग्र बिकाशका लागि बिकाश गुरुयोजना निर्माण तथा निर्मित गुरुयोजनाको अध्याधिक गर्ने कार्य अगाडी बढाइने छ ।
- सार्बजनिक खर्चलाई बैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना पद्धति निर्माण गरी प्रयोगमा ल्याइने छ ।
- स्थानीय तहको शासन र प्रशासनिक संयत्रलाई समावेशी सेवामुखी स्तरीय विधिसंभत र जनतामैत्री बनाउन सरकारी सेवा प्रदायक निकायमा दक्षता जवाफदेहिता पारदर्शिता प्रभावकारीता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्ने नीति लिइनेछ ।साथै जनताको गुनासो सुनुवाइ संयत्रको निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- पालिका मार्फत प्रदान गरिने सेवा छिटो, छरितो र प्रभावकारी बनाउन दरबन्दी अनुसारको कर्मचारीको आपूर्ति गर्न सम्बन्धित निकायमा निरन्तर पहल गरिने छ ।
- मार्मा गाउँपालिकाको डिजिटल गाउँपालिका पार्श्वचित्र निर्माणको लागि प्रकृया अगाडी बढाइनेछ ।
- आर्थिक अनुशासन तथा पारदर्शीता कायम गरि सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तरगत कार्यान्वयन गरिने क्रियाकलाप हरुको सामाजिक परिक्षण ,सार्बजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गर्ने र लेखा परिक्षण मार्फत शुन्य बेरुजु, भ्रष्टाचारमा शुन्य सहनशीलता कायम गर्ने नीति अबलम्बन गरिनेछ।
- आ.व. २०८१/०८२ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहिको पहिचान तथा नविकरणमा सहजता र पारदर्शिता तथा भत्ता वितरणको कार्यलाई थप प्रभावकारी वनाउन राष्ट्रिय परिचय नम्बरको माध्यमबाट बायोमेट्रिक भेरिफिकेशन गरिने छ। र सो कार्यलाई सहजिकरण गर्न सबै वडा तथा सेवा ईकाइको लागी बायोमेट्रिक भेरिफिकेशन डिभाईसको व्यबस्थापन गरिने छ ।
- सबै वडा कार्यालयहरुबाट व्यक्तिगत घटना दर्ता अनलाईन माध्यमबाट संचालन गर्न पहल गरिने छ।
- पालिकाबाट हुने सबै प्रकारका भुक्तानीलाइ पारदर्शी छीटो छरितो विश्वस्नीय तथा प्रविधिमैत्री बनाउन विद्युतिय भुक्तानी प्रणाली (EFT) लागु गरिएकोमा यसलाई थप प्रभावकारी बनाईने छ
- कर्मचारिहरुको कार्यसम्पादन मुल्यांकन गरि कर्मचारीको कार्य दक्षता वृद्धि तथा प्रोत्साहन गर्न पुरुस्कृत गरिने छन ।
- गाउँपालिका अन्तरगतका सम्पुर्ण कार्यालयहरुमा इन्टरनेट व्यवस्थापन गरिनेछ।

अन्य तर्फः

- पालिकाका थप गौरवका आयोजनाहरुको निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न पहल गरिने छ ।

- जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइने नीतिलाई निरन्तरता दिईने छ ।
- पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEA) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन कार्यलाई निरन्तरता दिईने छ |
- जलीय जैबिक बिबिधता संरक्षण कार्यविधि २०८१ निर्माण गरि पालिका भित्रको जलीय जैविक बिबिधताको संक्रक्षणमा जोड दिईने छ |
- बेरोगार ब्यक्तीको तथ्यांक संकलन गरि प्रधानमन्त्री रोजगार तथा अध्यक्ष रोजगार कार्यक्रम मार्फत मार्मा गा.पा. भित्र रहेका बेरोजगार ब्यक्तीहरुलाई सीपमा आधारित भौतिक पुर्वाधारका कामलाई निरन्तरता दिदै रोजगारी सृजना गरिनुका साथै थप रोजगारीको लागि सम्बन्धित निकायहरुसंग समन्वय गरिनेछ ।
- कार्यक्रमको नीती र कानुनको अधिनमा रहि बैदेशिक रोजगारी बाट फर्केका र पालिका भित्र रहेका बेरोजगार व्याक्तीहरुलाई व्यबसायीक आधुनिक समाजमा दक्ष, प्रतिशप्रधी सीप विकास तालिमको व्यबस्था गरि स्वरोजगारीमा आकर्षित गराईने छ ।
- बैदेशिक रोजगारीमा जाने बेरोजगार ब्यक्तीको पालिका बाटै श्रम स्वीकृतीका लागि अनलाईन फारम भर्ने व्यवस्थालाई निरन्तरता दिईने छ |
- बालबालिकाहरुको तथ्यांक संकलन गरि बालश्रममा परेका बालबालिकाको बालश्रममा पर्नुको कारण पत्ता लगाई परामर्श र उचित ब्यवस्थापन गरि पालिकालाई बालश्रम मुक्त स्थानिय तह बनाईने छ।
- बाढी, पहरो, चटयाङ, हावाहुरी, आगलागी, खडेरी, अतिबृष्टि, अनाबृष्टि र भुकुम्भ जस्ता कारणहरुको आकलन गर्ने र यिनीहरुबाट हुने नाकारात्मक प्रभावलाई न्युनिकरण गर्न विपद व्यवस्थापनमा संघ र प्रदेश सरकारको समन्वयमा स्थानीय जनतासंग सहकार्य गरी आवश्यक वडा तथा गाउपालिका स्तरको विपद व्यवस्थापन तथा प्रतिकार्य योजना बनाइनेछ ।

**उपस्थित महानुभावहरु,**

गाउँपालिकाको बजेट विनियोजनमा योजना तर्जुमा तथा कार्यक्रमहरु छनौट गर्दा योजना प्राथमिकीकरणका लागि त्रिबर्षीय मध्यकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा मार्गदर्शन लगायत तपशिलका आधार तथा मापदण्डहरु समेत निर्धारण गरि योजना प्राथमिकिकरण गरिने समेत जानकारी गराउन चाहन्छु।

## योजना प्राथमिकीकरणका आधार तथा मापदण्डहरु

- स्थानीय सरकार संचालन ऐन २०७४

- आर्थिक बिकास र गरिबी न्यूनीकरणमा प्रतक्ष योगदान पुर्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान दिने,
- स्थानीय श्रोत साधनमा र सिपमा आधारित जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंगिक समानता ,सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,
- स्थानीय सस्कृति र पहिचान प्रवर्धन गर्ने,
- दिगो बिकास ,बातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,
- सेवा प्रवाह ,सस्थागत बिकास र शुशासनमा योगदान पुर्याउने,
- जनयुद्ध तथा जन -आन्दोलनबाट प्रभावित क्षेत्र तथा समुदाय लाइ सहयोग पुर्याउने,

अन्तमा मार्मा गाउँपालिकाको यस पन्ध्रौ गाउँसभामा **"स्वरोजगार र श्रम पहिचान ,समृद्ध मार्मा निर्माणको अभियान** ले यस गाउँपालिकाको दिर्घकालिन सोचलाई टेवा पुग्नेमा विश्वस्त छु,।

**उपस्थित महानुभावहरु,**

परिवर्तित राज्य व्यवस्था अन्तर्गत नेपालको संबिधानले सिर्जित अधिकारहरु र तिनको कुशल कार्यान्वयनको अभ्यास मार्फत समृद्ध गाउँपालिकाको निर्माणका लागि हामीमाझ अवसर र चुनौती हरु उत्तिकै रहेका छन् । यिनै चुनौतीहरुको सामना गरि आगाडी बढ्न मार्मा बासि आम जनसमुदायहरु, गाउँपालिकाका क्रियाशील राजनीतिक दलहरु लगायत सरोकारवालाबाट निरन्तर सहयोग, विस्वास र प्रतिबद्धता समेत सकारात्मक सहयोगको अपेक्षा गर्दछु।

साथै स्थानीय सरकार संचालन, निर्माण, आर्थिक सामाजिक, भौतिक तथा मानबिय बिकासका बिबिध पक्षहरुमा योगदान पुर्याउन सहयोग गर्नुहुनेछ भन्ने आशा राख्दै यहा उपस्थित जनप्रतिनिधिहरु ,गैर सरकारी क्षेत्र ,संचार जगत ,राष्ट्रसेवक कर्मचारीहरु ,यस गाउँपालिका बासि जनसमुदायहरु लगायत सम्पूर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

## धन्यवाद !!!